# पोखरा उप–महानगरपालिका कार्यालय

न्यूरोड, पोखरा

## मिनी ट्रक खरीद गर्ने वारेको सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१/१०/०६ )

यस पोखरा उप–महानगरपालिका कार्यालयको लागि चालु आ.व.मा मिनी ट्रक खरीद गर्नु पर्ने भएकोले ख्याती प्राप्त इच्छुक इजाजत प्राप्त कम्पनी वा निर्माता कम्पनीका अधिकृत विक्रेतहरुबाट यो सूचना र वोलपत्र फाराममा उल्लेखीत शर्तका अधिनमा रही रु. १० को टिकट टांस गरी शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

१. बोलपत्र सम्वन्धी कागजातको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र चालु आ.व.को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरीक राजस्व विभाग आन्तरिक राजश्व कार्यालयवाट आ व ०७०।७१ को प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (नोटरी पब्लिकबाट प्रमाणित ) संलग्न राखि निवेदन साथ रु ३,०००/- (तीन हजार रुपैया) दस्तुर (फिर्ता नहुने) तिरी यस पोखरा उप–महानगरपालिका कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ वजे भित्र यस उप–महानगरपालिकाको कार्यालयमा बोलपत्र सि.नं.१ मा उल्लेखित प्रमाण पत्रहरु संलग्न राखि यस कार्यालयको नाममा सम्बोधन गरि खामको बाहिर "शिलबन्दी ट्रक खरीदको बोलपत्र" भनि पेश गर्ने फर्मको नाम र ठेगाना स्पष्ट लेखि छाप लगाई शिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ । अन्यथा बोलपत्र मान्य हुनेछैन । साथै सोहि दिनको ३:०० वजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलीने छ । बोलपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. शिलबन्दी वोलपत्रदाता विदेशी कम्पनीको स्थानीय एजेण्ट भएमा निजको नाम, निजले पाउने कमिशन अंक, भुक्तानिको तरीका, मुद्राको किसीम समेत खुलेको कागजात, एजेण्ट हुन स्वीकार गरेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । साथै बोलपत्रदाताले उपलब्ध गराउने गाडी (कम्प्याक्टर) को मोडेल, नाप, आकार, उत्पादन गर्ने कम्पनीको नाम सहित (स्पेशिफिकेशन बमोजिम) तोकिएको विवरण नेपाली वा अंग्रेजी भाषामा पेश गर्नु पर्ने छ । साथै Warranty perid, Manufactured warranty र सम्पुर्ण Configuration उल्लेख गर्नुपर्ने छ ।

५. वोलपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावीत खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र संबन्धित पेशा वा व्यवशाय संबन्धि कसूर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको कागजात शिलबन्दी वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

६. बोलपत्र साथ बोलपत्र जमानत(अर्नेष्ट मनी) नेपाल राष्ट्रबैंक, राष्ट्रबैंकचोक पोखरामा रहेको धरौटी खाता नं. १८०४७०२-००१-०३०-५२४ मा तोकिए बमोजिम रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिन म्याद राखि जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंक जमानी पत्र (विडवण्ड) संलग्न हुनु पर्नेछ ।

७. बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत स्वीकृत अंकको ५%(पांच प्रतिशत) ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना बढी न्युनतम अवधि राखि जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंक जमानी पत्र साथै साधन उपलब्ध गराउने कार्य तालिका समेत संलग्न राखि संझौता गर्नु पर्नेछ ।

८. बोलपत्र फारम भर्दा अंक अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।

९. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।

१०. प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. बोलपत्र दाता आफुले कबोल गर्ने अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनु पर्नेछ । मूल्य अभिबृद्धि करको रकम छुट्टै भुक्तानि हुनेछ ।

१२. बोलपत्रको मान्य अवधि बोलपत्र खुल्ने मितिले ९०(नब्बे) दिनको हुनेछ ।

१३. बोलपत्र स्वीकृत नभएका बोलपत्र दाताहरुको विडवण्ड वा अर्नेष्ट मनीको रकम ठेक्का संझौता भएपछि मात्र फिर्ता भुक्तानि दिइनेछ ।

१४. बोलपत्र सम्बन्धि विस्तृत छलफलका लागी सूचना प्रकाशीत मिति को २१औ दिन वा उक्त दिन सार्वजनिक विदा परेको खण्डमा लगत्तै कार्यालय खुलेको दिन ठिक १:०० वजे Pre-Bid Meeting राखीने छ ।

१५. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित स्थानीय स्वायत्त शासन आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरीद ऐन, २०६३ एवं प्रचलित कानून बमोजिम हुनेछ ।

१६. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्रमा यस कार्यालयको भण्डार तथा आपूर्ति शाखामा बुझ्न सकिनेछ ।

तपसिल

| ठेक्का नं. | सामग्रीको विवरण | संख्या | अनुमानीत मुल्य मूल्य अभिवृद्धि कर (भ्याट)बाहेक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५/०७०/०७१ | मिनी ट्रक | १ | रु.२२ लाख भन्दा बढी | रु. ७०,०००/- | |

कार्यकारी अधिकृत